(ग) राजनैतिक दल र तिनीहरुको भातृ सङ्गठनले आयोजना गरेको बाहेक पेशागत संघ, संस्थाहरुले आयोजना गरेको सभा, गोष्ठी आदिमा विद्यालय समय बाहेकको समयमा सहभागी हुने,

(घ) सरकारको नीति, उद्देश्य, कार्यक्रम, काम कारबाही एवं गोपनीयतामा प्रतिकुल असर नपर्ने खालका लेख, रचना प्रकाशन गर्ने,

(ङ) सबैको लागि खुला गरिएको प्रतिस्पर्धामा सहभागी भई पुरस्कार, पदक, प्रमाणपत्र एवं सम्मान ग्रहण गर्ने,

(च) आफूलाई अन्याय परेको विषयमा त्यस्तो काम कारबाहीको विरुद्धमा कानून बमोजिम अड्डा अदालतमा उपचार प्राप्त गर्नको लागि आवश्यक कारबाही चलाउन ।

परिच्छेद–५ विविध

२५. व्यक्तिगत आचरण : (१) शिक्षक-कर्मचारी आफूभन्दा माथिका कर्मचारीप्रति उचित आदरभाव देखाउनुपर्दछ र आफूभन्दा मुनिका कर्मचारीप्रति उचित व्यवहार गर्नुपर्नेछ ।

(२) शिक्षक-कर्मचारीले जुवा खेल्ने, तास खेल्ने तथा सार्वजनिक रुपमा जाँड रक्सी सेवन गर्ने वा अन्य यस्तै समाजमा निन्दनीय हुने कार्य गर्न वा त्यस्तो व्यवहार प्रदर्शन गर्नुहुँदैन ।

(३) शिक्षक-कर्मचारी नेपाल सरकार र शिक्षक सेवा प्रति जनविश्वास अभिवृद्धि गर्न सदैव प्रयत्नशील रहनुपर्नेछ ।

२६. जानकारी गराउनु पर्नेः (१) कुनै शिक्षक-कर्मचारीले गाउँपालिका भित्र वा अन्य सरकारी वा सार्वजनिक सम्पत्तिमा कुनै किसिमको नोक्सान वा क्षति पुर्याउने कुनै काम गर्न लागेको वा गरेको जानकारी वा सूचना पाएमा सो सम्बन्धमा आफैले कारबाही गर्नुपर्नेमा त्यस्तो सम्पत्तिमा संरक्षणको लागि आफैले उपयुक्त व्यवस्था गर्नु पर्नेछ र सो विषय अन्य निकाय वा विद्यालयको कार्यक्षेत्रमा पर्ने भएमा त्यस्तो निकाय वा विद्यालयको प्रधानाध्यापकलाई तुरुन्त जानकारी गराउनुपर्नेछ ।

(२) कुनै शिक्षक-कर्मचारी कसैले कुनै गैरकानूनी कार्य वा आपराधिक कार्य गर्न लागेको, गरिरहेको वा गरेको जानकारी प्राप्त गरेमा सो विषयमा तुरुन्त सम्बन्धित निकायमा वा आफ्नो विद्यालय प्रमुखलाई जानकारी गराउनुपर्नेछ ।

२७. अवकाश प्राप्त कर्मचारीले पालन गर्नुपर्ने : (१) यस आचार संहिताको नियम ३, ७, १७,र २६ को व्यवस्था सेवाबाट अवकाश प्राप्त शिक्षक-कर्मचारीले समेत पालना गर्नुपर्नेछ ।

(२) शिक्षक-कर्मचारी सेवामा बहाल रहँदाका बखत कर्तव्य पालनाको सिलसिलामा जानकारी हुनआएको सार्वजनिक रुपमा प्रकाशन नभएको कुनै कुरा त्यस्तो सेवाबाट अवकाश प्राप्त गरेपछि कुनै पनि तरिकाले प्रकट गर्न वा गराउन हुँदैन ।

CamScanner